Website-
www.banphikotmun.gov.np

बाँफिकोट गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

बाँफिकोट, रुकुम (पश्चिम )
कर्णाली प्रदेश, नेपाल
२०७३

प.स.०७७।७८
सु.न १

मितिः २०७७।०४।०८

## न्युनतम रोजगारमा संलग्न हुनको लागि निवेदन दिने बारेको सुचना ।

रोजगारीको हक सम्बन्धि ऐन २०७५ को दफा ११ रोजगारीको हक सम्बन्धि नियामावली २०७५ को नियम ७ प्रधानमन्त्री रोजगार कार्यक्रम सन्चालन निर्देशिका २०७५ को दफा १८ तथा नेपाल सरकार (मन्त्रिपरीषद) को तत्कालिन राहत सम्बन्धि मिति २०७७।०१।१४ को निर्णय साथै नेपाल सरकार (मा .मन्त्रीस्तरको) मिति २०७७।०३।३० को निर्णय समेतको आधारमा चालु आर्थिक बर्ष २०७७।०७८ मा स्थानिय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयम प्रदान गरिने १०० दिन बराबरको न्यसनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्ति हरुले २०७७ श्रावण ८ गते देखि २०७७ भाद्र ७ गते सम्म यस गाउँपालिका भित्रको आफुले स्थायी बसोबास गरीयको सम्बन्धित वडा कार्यालय बेरोजगार व्यक्तिको सुचिमा सुचिकृत हुन निवेदन दिनुहुन यो सुचना प्रकासित गरीएको छ । निवेदनको ढाचा वेवसाइट www.pmep.gov.np बाट प्राप्त गर्न सकिन छ ।

### न्युनतम राजगारीमा संलग्न हुन आवश्यक मापदन्ड :

- निवेदन दिदाँको मिति सम्म सोही आर्थिक वर्ष मा न्युनतम १०० दिनको रोजगारमा संलग्न नभएको ।
- १८ बर्ष देखि ५९ बर्ष उमेर समुहको
- निवेदन दिदाँको मिति सम्म स्वरोजगारमा संलग्न भई नेपाल सरकारले तोकेको न्यनतम पारीश्रम बराबरको आय भन्दा कम आय भएको ।
- पुर्ण विवरण सहित रितपुर्बक निवेदन दिई कार्यक्रममा सहभागी हुन इच्छुक रहेको

### न्यसनतम रोजगारमा संलग्न हुन आवश्यक काकगजात :

- ✓ निवेदन सहित परीवारका सम्पुर्ण सदस्यको नागरीकता र जन्म दर्ताको प्रतिलिपि
- ✓ निवेदक बैदेशिक रोजगारबाट फर्किएको वा श्रम स्वीकृति लिई बैदेशिक रोजगारमा जान नपाएको व्यक्ति भएमा पासपोर्टको प्रतिलिपि पासपोर्ट नं. भिसा र फिर्ता आएको स्पष्ट देखिने प्रतिलिपि ।
- ✓ निवेदकको पासपोर्ट साईजको फोटो एक प्रति ।

**नोट : बेरोजगार व्यक्तिहरुले अनुसुचि १ बमोजिममा उल्लेखित सम्पुर्ण विवरण अनिवार्य रुपमा भर्नुपर्ने छ । पुर्ण रुपमा नभरेको फारम रोजगार सेवा केन्द्रले सुचिकृत गर्न बाध्य हुने छैन ।**

..................
महेश कुमार गुरुङ
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner